# जूनकीरी

मासिक भित्ते पत्रिका

वर्ष– २, अंक– २, मंसिर २०६१, (Nov., 2004) काठमाडौं


## छात्रवृत्तिले बालिका सङ्ख्या बढाउँदैछ

राजविराज (सप्तरी)। जिल्लाका विभिन्न प्राथमिक विद्यालयमा अध्ययनरत छात्रछात्रामध्ये शैक्षिक सत्र ०६०/६१ मा थप करिब एक हजार छात्रछात्राले छात्रवृत्ति पाएका छन्। यो सुविधाका कारण विद्यालयमा बालबालिकाको सङ्ख्या बढ्न गएको छ। यसमा बालिकाहरूको संख्या पनि उल्लेख्य छ।

यसवर्ष प्राथमिक तहमा अध्ययनरत ७१ हजार तीन सय ७९ छात्रछात्रा छन्। यसमा छात्र ४१ हजार पाँच सय ३० र छात्रा २९ हजार आठ सय ४९ जना रहेका छन्। जिल्ला शिक्षा अधिकारी रामविलास राययादवका अनुसार यीमध्ये ९ हजार ८ सय ९० छात्रछात्राले छात्रवृत्ति पाइरहेका छन्।

वितरित छात्रवृत्तिहरूमा दलित छात्रवृत्ति, बालिका शिक्षा छात्रवृत्ति, विशेष शिक्षा, स्थानीय छात्रा प्रोत्साहन लगायतका छात्रवृत्तिहरू रहेका छन्। छात्रवृत्तिका कारण दलित, उपेक्षित वर्गबाट विद्यालय जाने बालबालिकाहरूको सङ्ख्यामा बृद्धि भएको छ।

शैक्षिक शत्र ०६०/०६१ मा कक्षा १ देखि ५ सम्म १८ हजार तीन सय ४१ जना दलित छात्रछात्रा अध्ययनरत छन्। यसमा छात्रा पाँच हजार नौ सय ३२ र छात्र १२ हजार चार सय नौजना रहेको तथ्याङ्क जिल्ला शिक्षा कार्यालयले



दलित र पिछडिएको बस्तीमा पनि बालक र बालिकाको संङ्ख्या लगभग उस्तै छ।

दिएको छ। छात्रवृत्ति पाएपछि विद्यालयमा बालिका सङ्ख्यामा वृद्धि भएको जानकारी दिँदै निम्नमाध्यमिक विद्यालय, गोरगामका व्यवस्थापन समितिका अध्यक्ष वैद्यनाथ यादव भन्नुहुन्छ, "विगतमा भन्दा बालिकाको सङ्ख्या बढेको छ, विपन्न वर्गले पनि शिक्षामा अवसर पाउन थालेका छन्।"

विद्यालयहरूमा छात्रछात्राको सङ्ख्या वृद्धि हुन थाले पनि छात्रवृत्तिको सङ्ख्या भने नबढेको गुनासो सो विद्यालयका प्रधानाध्यापक इन्दुकान्त झाको रहेको छ। विद्यार्थीहरूको अनुपातमा छात्रवृत्ति सङ्ख्या कम भएको स्वीकार गर्दै जिशिअ यादव भन्नुहुन्छ, "छात्रवृत्तिको सङ्ख्या बढाउने योजना जिल्ला शिक्षा कार्यालयको रहेको छ।" उहाँका अनुसार, आएको छात्रवृत्ति दलित, उपेक्षित वर्गका छात्रछात्रालाई दिनेगरी विद्यालय प्रशासनले मिलाएको छ।

एक सय चौध गाविसमध्ये ५० गाविसका विद्यार्थीलाई विद्यालयमा स्वागत कार्यक्रम गरियो। यसपछि शैक्षिक सत्र ०६०/०६१ मा कक्षा १ देखि ५ सम्म १५ हजार आठ सय ४७ छात्र र ११ हजार दुई सय ६० छात्रा सङ्ख्याबाट बढेर शैक्षिक सत्र ०६१/०६२ मा ३२ हजार ३ सय ५ छात्र र २५ हजार ९ सय ५८ छात्राको सङ्ख्या पुगेको जिल्ला शिक्षा कार्यालय सप्तरीले जानकारी दिएको छ।

यसवर्ष कक्षा १ मा ५ हजार ७ सय ६५ छात्र र ४ हजार २ सय १५ जना छात्रा रहेकोमा दलितको सङ्ख्या ३ हजार ८४ रहेको छ।

● शिवहरि भट्टराई

## चाहेर पनि छोरीलाई बोर्डिङ्गमा पढाउन सक्दैनन् उनीहरू

जनागल (काभ्रे)। छोरा र छोरीलाई समान व्यवहार गर्नुपर्छ भन्ने बुझेर पनि जनागलका मिजारहरूले आर्थिक अभावका कारण छोरालाई मात्रै निजी विद्यालयमा पढाएका छन्। काठमाडौंदेखि २४ कि.मि. मात्र पूर्वमा रहेको, काभ्रे जिल्लाको उग्रतारा गाविसको वडा नं. ८ मा पर्ने जनागलमा ४५ घर परिवार मिजार छन्। कुल जनसङ्ख्या २ सय ५० रहेको यो गाउँमा धेरैजसोले छालाको काम गर्ने गर्छन्। कसै-कसैले तरकारी खेती र पशुपालन गरेर दूध बेची दैनिक खर्च चलाएका छन्। जनागलमा यतिबेला महिलाहरू प्रौढ साक्षरतामा पनि सहभागी भएका कारण दुःख गरेर छोराछोरी पढाउनुपर्छ भन्ने भावनाका कारण मिजार बस्तीका केटाकेटीमा साक्षरता बढेको छ। तर, माध्यमिक तहभन्दा माथि पढ्नेहरू भने कमै छन्।

यहाँको एक मात्र स्थानीय सरकारी विद्यालय जनज्योती निम्न माध्यमिक विद्यालयमा ८० प्रतिशत बालिकाहरू रहेका छन्। कक्षा ६ मा एकजना पनि छात्र छैनन् भने छात्राको सङ्ख्या ४ जना रहेको छ। निजी विद्यालयहरू महँगा भएकाले धेरैजसो गरिब मिजारहरू छोरीलाई सरकारी विद्यालयमा पढाउँछन्। तर, सरकारी मावि यो गाउँमा छैन। प्रधानाध्यापक नारायणप्रसाद महाजूका अनुसार, चेतनाभन्दा पनि आर्थिक कारणले यो अनुपात देखिएको हो।

आफ्ना छोराछोरीलाई सबैजसोले स्कूल पठाउन थाले पनि छोरीलाई चाहिं सरकारी विद्यालयमा पठाउने गरेको उग्रतारा गाविसका निवर्तमान उपाध्यक्ष सानुभाई विष्ट बताउँछन्। उनी भन्छन्, "उनीहरूको शैक्षिक अवस्था सुधार्न हामीले धेरै पहिलेदेखि नै पहल गरेका हौं। तर समस्या आर्थिक कुरामै गएर ठोकिन्छ।"

उनीहरूमा छोराछोरी समान हुन् भन्ने मान्यता पलाएको छ। विस्तारै छोरीहरूलाई शिक्षा आर्जन गर्नबाट बञ्चित गर्न नहुने धारणाले वालविवाह पूर्ण रुपमा हटिसकेको छ। यहाँका युवायुवतीहरूमा अहिले आएर घटीमा १८ वर्षपछि मात्र विवाह गर्ने परम्परा सुरु भइसकेको विष्टले बताए। "जनागलका बहुसंख्यक बासिन्दा अशिक्षित भए पनि उनीहरूमा आफ्ना बालबालिकाहरूलाई स्कुल पठाउनुपर्छ भन्ने धारणा छ," स्थानीय जितबहादुर मिजार भन्छन्।

निजी विद्यालयहरूले दलितका छोराछोरीलाई सस्तो शुल्कमा पढाउनुपर्ने विद्यार्थी सन्तोषी बिसंखे बताउँछिन्। सो धारणासँग निजी क्षेत्रको सम्भवतः पहिलो सहकारी विद्यालय ज्ञानकुञ्जका प्रिन्सिपल विष्णुप्रसाद दाहाल सहमत छन्। उनको विचारमा दलित परिवारमा छोरीलाई पनि शिक्षा दिनुपर्छ भन्ने चेतना समाजमा विकसित हुँदै आएको छ। निजी र सहकारी विद्यालयले समेत यो सोचमा बल पुऱ्याउने धारणा दाहालको छ।

● प्रकाश सिलवाल

## खाजा कार्यक्रमले बालिका संङ्ख्या बढायो

विदुर (नुवाकोट)। नुवाकोटको बेतिनीकी ठूलीमाया तामाङले आफ्ना छोरीहरूलाई विद्यालय पठाएकी छिन्। आठ सन्तानकी आमा ठुलीमायाले सबै छोराछोरीलाई समान शिक्षा दिन नसके पनि अहिले घरको काम सबै आफैंले गरेर भएपनि छोरीहरूलाई विद्यालय पठाउन थालेकी हुन्। उनी छोरीहरूले पढ्न पनि पाउने र भुटुन खान तेल पनि आउने भएकाले छोरी पढाउन हौसिएको बताउँछिन्। विदुरकी सानीनानी विश्वकर्माका नातिनातिना पनि अहिले सबै स्कुल जान्छन्। "केटाकेटी हलुवा खान पाईन्छ भनेर स्कुल जाने रहर गर्छन्," उनले भनिन्।

नुवाकोटको माल्चे, गाउँखर्क, बेतिनी, घ्याङफेदी, काल्चे, भमरा, दाङसिङ्ग, तलाखु लगायतका गाउँका अभिभावकहरूले आजभोलि आफ्ना छोरीलाई विद्यालय पठाउन थालेका छन्। विद्यालय पठाउँदा आफ्ना छोरीहरूले पढ्न पनि पाउने अनि महिनामा दुई लिटर तेल पनि आउने। विद्यालयमा पौष्टिक आहार बाँडिने हुँदा बालबालिकाहरू पनि विद्यालय जान रमाउँछन्।

नुवाकोट जिल्लामा पौष्टिक आहार र खाने तेल वितरण गर्ने कार्यक्रम लागु भएपछि यहाँका अभिभावकले छोरीलाई विद्यालय पठाउनमा जोड दिन थालेका हुन्। छोरीलाई स्कुल पठाएपछि महिनामा दुई लिटर तेल विद्यार्थीका अभिभावकले पाउँछन्। पाँच कक्षासम्म पढ्ने



**खाजाले बढाएको उत्साहः** डडेल्धुराको आदर्श मणिलेक प्राविका विद्यार्थीहरूको यो हौसलाले पौष्टिक आहार परियोजनाको कार्यक्रमपछि बढेको विद्यार्थी संङ्ख्या देखाउँछ। *तस्वीरः एमडी कुलुङ*

केटाकेटीहरूलाई दिउँसो खाजा पनि दिइन्छ। तेल पाउनका लागि महिनामा २४ दिन विद्यालयमा बालिका हाजिर हुनुपर्छ। विद्यालयमा खाजा दिन थालिएपछि केटाकेटीहरू नियमित रुपमा विद्यालय जाने र छुट्टी भएपछि मात्र घर फर्कने गर्न थालेका छन्। तेल वितरण गरिएपछि कोही अभिभावकहरू घरको गर्जो टार्न केही सुविधा भएको बताउँछन् भने कोही अभिभावकहरू चाहिं दिएको सुविधालाई उपभोग गरेको बताउँछन्। स्थानीय शिक्षक गणेशप्रसाद पाण्डे पौष्टिक आहार कार्यक्रम सञ्चालन गरिएका विद्यालयमा छात्राहरूको सङ्ख्या निकै बढेको बताउँछन्।

तेल र खाजा कार्यक्रम लागू भएपछि नुवाकोटका अभिभावकले सबै काम छोडेर भएपनि विद्यार्थीहरूलाई विद्यालय पढ्न पठाएका छन्। पौष्टिक आहार इकाई नुवाकोटका फिल्ड सुपरभाइजर लीला सुवेदी नुवाकोट जिल्लाको पहाडी क्षेत्रका अभिभावकहरू यस कार्यक्रमबाट बढी लाभान्वित भएको बताउँछन्। "जुन क्षेत्रमा धान कम फल्ने गर्छ, त्यस्ता क्षेत्रका अभिभावकहरू पौष्टिक आहार र तेल पाउने आशामा छोराछोरीहरूलाई विद्यालय पठाउने गर्छन्," उनी भन्छन्। तर, तेल पाउनकै लागि एउटै कक्षा दोहोऱ्याएर पढ्ने र विद्यार्थीलाई कक्षा नचढाउने प्रवृत्ति पनि कतैकतै देखिएको फिल्ड सुपरभाइजर सुवेदीको भनाई छ।

दुर्गम क्षेत्रका विद्यार्थीलाई विद्यालयमा आकर्षित गराउन २०५९ सालदेखि नुवाकोटमा पौष्टिक आहार कार्यक्रम सुरु गरिएको हो। विद्यालयमा विद्यार्थी सङ्ख्या र नियमित उपस्थिति बढाउने उद्देश्यले यो कार्यक्रम लागू गरिएको थियो। त्यसमा पनि तेल वितरण गरेर छोरीहरूलाई विद्यालय पठाउन अभिभावकलाई प्रेरित गर्ने उद्देश्य राखिएको जिल्ला शिक्षा अधिकारी कृष्ण कार्की बताउँछन्।

*'सबैका लागि शिक्षा'* को विश्वव्यापी अभियानको लक्ष्य पूरा गर्नका लागि अमेरिकी सहयोगमा शिक्षाको लागि विश्वव्यापी खाद्य कार्यक्रम अन्तर्गत नुवाकोटमा यो कार्यक्रम सञ्चालन गरिएको छ।

● तुला अधिकारी

## सिक्टिरिहारका बालबालिका घाँस बेचेर पढाई खर्च जुटाउँछन्

सोरहवा (बर्दिया)। परिवारको आर्थिक अवस्था कमजोर भई आफूले पाउनु पर्ने शैक्षिक अधिकारबाट बञ्चित बालबालिकाका लागि बर्दिया, सोरहवा गाविस वडा न. २ सिक्टिरिहार गाउँका बालबालिकाहरू प्रेरणाको श्रोत बनेका छन्।

सो गाउँका बालबालिकाहरू पढाई खर्चका लागि परिवारकै मुख ताकेर भर परेर बस्दैनन्। उनीहरू विद्यालय समय बाहेक बिदाको दिन र फुर्सदमा घर नजिकै रहेको पोखरीमा घाँस काट्न जान्छन्। सो घाँस माछा व्यवसायीहरूलाई बिक्री गर्छन्। यसबाट उनीहरू किताब, कापी, कलमहरू किनेर आफ्नो पढाई खर्च जुटाउँछन्।

सिक्टिरिहार घर भएका १० वर्षीय रमेश थारु बाबुआमाले पढाई खर्च दिन नसेकेकाले आफूले घाँस बिक्री गरेर पढाईलाई निरन्तरता दिएको बताउँछन्। रमेश भन्छन्, "जग्गा जमीन छैन, घर चलाउने आयस्रोत पनि छैन, बिहान र साँझ स्कुल समय बाहेक घाँस काटी पढाई खर्च निकालिरहेको छु।" उनले एक दिनमा घाँस बिक्री गरेर १० रुपैयाँदेखि १ सय रुपैयाँसम्म कमाएको बताए।

घाँस बिक्री गरेर आफ्नो पढाई खर्च बाहेक परिवारलाई पनि सहयोग गरेको दावी गर्ने अर्का ११ वर्षिय बालक नवराज थारुले भने, " पोखरीमा घाँस



घाँस काटेर छिटुवामा राख्ने तयारीमा क्रमशः श्याम, नवराज र रमेश। *तस्वीरः शंकर*

काट्न जाँदा रमाईलो पनि हुने, पैसा पनि हुने।"

बर्दियाको सबैभन्दा ठूलो बढैया ताल वरिपरीको सयौ बिगाहा जग्गा खेतीको मौसममा पानी जम्ने भएकाले बाँझै रहने गर्छ। सो जग्गामा उम्रने घाँस नै उनीहरूको पढाइ थेग्ने आम्दानीको मूलश्रोत बनेको छ। बढैया तालको वरिपरी ५० भन्दा बढी निजी माछा पोखरी रहेका छन्।

तालकै वरिपरी रहेका माछा व्यवसायीहरूले आफैं घास काट्न लगाएर खरिद गरिदिनाले पनि उनीहरूलाई पढाई खर्च जुटाउन सजिलो भएको छ।

११ वर्षीय अर्का घाँस बिक्री गर्ने बालक श्याम थारु तीन कक्षामा पढ्छन्। उनले पनि यही पेशा अपनाई आफ्नो पढाईलाई निरन्तरता दिएका छन। उनका अनुसार, यो पेशा अपनाएर दर्जनौ बालकहरूले आफ्नो खर्च जुटाउने गरेका छन्।

माछा कृषक हरिराम थारु माछाका लागि घाँस आवश्यक पर्ने भएकोले उनीहरूको घाँस किनिदिने गरेको बताउँछन्। माओवादी प्रभावित स्थानका रुपमा परिचित सो गाउँमा नजिकै स्कुल छैन। टाढाका स्कुलहरूमा पढ्न जानुपर्ने अर्को बाध्यता उनीहरूको रहेको छ।

● शंकर खनाल

यूनिसेफ नेपालको सहयोगमा शिक्षा पत्रकार समूह, अनामनगरद्वारा प्रकाशित, फोनः ४२५७६५५, फ्याक्सः ४२१८६८६ इमेलः ejg@ntc.net.np, वेवसाइटः www.ejgroup.org, पो.ब.नं. २१८४३, मुद्रणः युनाइटेड ग्राफिक्स प्रिन्टर्स, न्यूप्लाजा, काठमाडौँ, सम्पादनः पदम गौतम